सूचना नं. २

## सत्य निरूपण तथा मेलमिलाप आयोग
## हाँडीगाउँ, काठमाण्डौं

# जानकारी सम्बन्धी सूचना

*बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को तेस्रो संशोधनद्वारा सो ऐनको दफा १३ मा थप भएको उपदफा (६ख) मा "आयोगले यस अघि उजुरी माग गरेको अवधिभित्र कावु बाहिरको परिस्थिति परी उजुरी दिन नपाएका पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोग समक्ष उजुरी दिन सक्नेछ" भन्ने व्यवस्था रहेको छ। यस आयोगमा मिति २०८२।०२।०४ मा अध्यक्ष तथा सदस्यको नियुक्ति भएको हुँदा उल्लिखित अवधिभित्र काबु बाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले मिति २०८२।०२।०४ ले  तीन महिना अर्थात् मिति २०८२।०५।०३ भित्र यस अघि आयोगले उजुरी माग गरेको अवधिमा कावु बाहिरको परिस्थिती परी त्यसरी उजुरी दिन नसकेको स्पष्ट आधार र कारण सहित सत्य निरूपण तथा मेलमिलाप आयोग, हाँडीगाउँ, काठमाडौंमा देहायको ढाँचामा उजुरी दिन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

# सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिने उजुरीको ढाँचा

१. उजुरीकर्ताको,-

(क) नाम, थर :-

(ख) ठेगाना-

(अ)स्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(आ) अस्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(इ) टेलिफोन, मोवाइल नं. इमेल :-

२. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन भएको व्यक्तिको,-

(क) नाम, थर :-

(ख) ठेगाना :-

(अ) स्थायीः

(आ) अस्थायीः

(इ) टेलिफोन, मोवाइल नं, इमेलः

(ग) पारिवारिक विवरण :-

(घ) पेशा :-

(ङ) हालको अवस्था :-

(च) मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन भएको स्थान, मिति र समय :-

(छ) उमेर :-

३. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने पक्ष, व्यक्तिको थाहा भएसम्मको

(क) नाम, थर, ठेगाना र हुलिया :-

(ख) तत्काल वा हाल कुनै कार्यालयमा कार्यरत भए तत्काल कार्यरत वा हाल कार्यरत कार्यालयको नाम र ठेगाना :-

४. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी उजुरीको व्यहोरा :-

५. घटनासँग सम्बन्धित सबूद प्रमाण :-

(क) देख्ने :-

(ख) सुन्ने :-

(ग) कागज :-

(घ) तस्वीर :-

(ङ) अन्य :-

६. मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अन्य कुनै कुरा भए सोको विवरण :-

७. यस विषयमा अन्य कुनै निकायमा उजुरी गरेको भएमा उजुरी गरेको निकाय, भएको कारबाहीको विवरण र पुनः उजूरी दिनुको कारण :-

८. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।

उजुरीकर्ताको-

दस्तखत :-

मिति :-

द्रष्टव्यः (१) उजुरीकर्ताले नाम, थर, वतन गोप्य राख्न चाहेकोमा सो व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(२) माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ।

(३) उजुरी आह्वान सम्बन्धी थप जानकारीका लागि आयोगको इमेल trcbabarmahal@gmail.com तथा टेलिफोन नम्बर ०१-४५३०११६ मा सम्पर्क गर्न सकिने छ।